# बार्षिक प्रतिवेदन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ को प्रयोजनको लागि

भाद्र २०७८

सप्तकोशी उच्च वाँध वहुउद्‌देश्यीय आयोजना

तथा सुनकोशी स्टोरेज कम डाईभर्सन आयोजना

विराटनगर

Contents

**पृष्ठभूमि** ........ 1

**(क) निकायको स्वरुप र प्रकृतिः** ........ 2

**(ख) निकायको काम, कर्तव्य र अधिकारः** ........ 2

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** ........ 3

**(घ – ज) निकायवाट प्रदान गरिने सेवाः** ........ 6

**(झ) सम्पादन गरेको कामको विवरणः** ........ 7

१. **आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने** ........ 7

**२. आयोजना प्रभावित क्षेत्रका स्थानीय युवाहरुको क्षमता अभिवृद्धि सम्वन्धी कृयाकलाप गर्ने** ........ 13

**३. आयोजनासंग सम्वन्धित सरोकारवाला व्यक्ति/निकाय संग आवश्यक समन्वय, अन्तरकृया गरी आयोजना प्रभावितको समस्या, मागको लागि आवश्यक पहल गर्ने** ........ 14

**(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पदः** ........ 17

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः** ........ 17

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण (वार्षिक विवरण):** ........ 19

**(ड) तोकिए बमोजिमका अन्य विवरण** ........ 21

(ड.१) अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ........ 21

(ड.२) सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण: ........ 21

(ड.३) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण ........ 21

(ड.४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण ........ 21

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ को प्रयोजनको लागि सार्वजनिक गरिएको विवरण

कार्यलयको नाम: **सप्तकोशी उच्च वाँध वहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाईभर्सन आयोजना, विराटनगर।**

**पृष्ठभूमि:**

सप्तकोशी नदीका सातवटा शाखा नदीहरू: सुनकोशी, अरूण, तामाकोशी, इन्द्रावती, लिखु, दूधकोशी र तमोर हुन। यि नदीहरु मध्ये सुनकोशी, अरूण र तामाकोशी नदीहरूको उद्गमस्थल तिब्बत हो भने बाँकी चार नदीहरुको उद्गमस्थल नेपाल हो। सप्तकोशी नदी भारतको कुर्सेला भन्ने स्थानमा गंगा नदीमा गई समाहित हुन्छ।

विगतको अध्ययनहरुलाई हेर्ने हो भने सन् १९४६ देखि १९५५ मा भारत सरकारबाट सप्तकोशी उच्च बाँध आयोजनाको अध्ययनका लागि स्थलगत सर्भेक्षण भएको थियो। यस सर्भेक्षणको आधारमा सन् १९८१ मा भारत सरकारद्वारा आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन समेत तयार पारिएको थियो। उक्त प्रतिवेदन अनुसार सप्तकोशी उच्च बाँधबाट नेपाल र भारत दुवै देशलाई सिंचाइ, विद्युत र बाढी नियन्त्रणबाट फाईदाहरु प्राप्त हुनसक्ने कुरा उल्लेख छ। त्यसै गरि सन् १९८५ मा जाईकाको सहयोगमा नेपाल सरकारले कोशी नदी वेसिनको जलश्रोत विकास सम्बन्धी गुरु योजना तयार गर्दा समेत यस योजनाको साथै सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजनालाई पनि प्राथमिकता दिई विकास गर्न सिफारिश गरिएको थियो।

फलस्वरुप सन् १९९१ मा नेपालका तत्कालिन सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको अवसरमा यस आयोजनाको प्राविधिक विवरणहरुलाई अन्तिम स्वरुप दिन संयुक्त रुपमा स्थलगत सर्भेक्षण गरी विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सहमती भएको थियो। त्यसका आधारमा आयोजनाको स्थलगत सर्वेक्षण कार्यको कार्यविधि तथा आयोजनाबाट प्राप्त हुने विभिन्न लाभहरूको मूल्याङ्कन गर्ने सिद्धान्तहरू तयार गरी तिनलाई अन्तिम स्वरूप दिन नेपाल–भारत संयुक्त विशेषज्ञ टोलीको गठन भएको थियो।

आयोजनाको प्रारम्भिक प्रतिवेदन नेपाली पक्षबाट तयार भई दुवै देशका सरकारहरूबाट स्वीकृत भएको हो। यो प्रारम्भिक प्रतिवेदनलाई आयोजनाहरूको अध्ययन कार्यको लागि मार्गदर्शकको रूपमा लिइएको छ। प्रारम्भिक प्रतिवेदनका मुख्य–मुख्य बुँदाहरू निम्नानुसार छन्:

सप्तकोशी उच्च बाँध बहुउद्देशीय आयोजनाको अध्ययन गर्दा दुवै देशका आवश्यकताहरूलाई ध्यानमा राखी तपसिलका उद्देश्यहरू प्राप्त गर्ने हेतुले अन्वेषण गरिनेछ।

- जलविद्युत उत्पादन
- सिंचाइ विकास
- बाढी नियन्त्रण र व्यवस्थापन र
- सप्तकोशी नदीमा जलमार्गको व्यवस्था

साथै आयोजनाको अध्ययन गर्दा कोशी नदी–बेसिनको माथिल्लो तटमा रहेका उच्च प्राथमिकता प्राप्त जलस्रोत आयोजनाहरूको विकासलाई नकारात्मक असर नपर्ने गरी गरिनेछ।

**(क) निकायको स्वरुप र प्रकृतिः**

सप्तकोशी उच्च वाँध वहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाईभर्सन आयोजना नेपाल सरकारको उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय, विधुत विकास विभाग अन्तरगत रही उल्लेखित आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने कार्यालय हो।

**(ख) निकायको काम, कर्तव्य र अधिकारः**

१. आयोजनासँग सम्बन्धित सबै पक्षलाई मध्यनगर गरी आयोजनाहरुको सामाजिक, आर्थिक, साँस्कृतिक, वातावरणीय एवं प्राविधिक संभाव्यताको मूल्याङ्कन गर्ने।
२. आयोजना कार्यान्वयनको लागी आवश्यक लागत अनुमान तयार गर्ने।
३. सिंचाई, विद्युत उत्पादन, वाढी नियन्त्रण र जलपरिवहनबाट नेपाल भारत देशलाई प्राप्त हुने लाभहरुको मूल्याङ्कन गर्ने।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:**

आयोजनाको स्वीकृत दरवन्दी तेरिज

| **सि.नं.** | **पद** | **श्रेणी** | **सेवा** | **समूह** | **दरवन्दी** |
|---|---|---|---|---|---|
| १. | आयोजना प्रमुख | रा.प.प्र (प्रा.) | नेपाल इन्जिनियरिङ्ग | सिभिल | १ |
| २. | सि.डि.ई. | रा.प.द्वि. (प्रा.) | नेपाल इन्जिनियरिङ्ग | सिभिल/ हा.पा./इन्जि.जियो./इरिगेशन/ /इलेक्ट्रिकल | २ |
| ३. | ईन्जिनियर | रा.प.तृ.(प्रा.) | नेपाल इन्जिनियरिङ्ग | सिभिल, हा.पा./इन्जि.जियो./इरिगेशन/ हाइड्रोलोजी/इलेक्ट्रिकल | ३ |
| ४. | शाखा अधिकृत | रा.प.तृ.(प्र.) | नेपाल प्रशासन | प्रशासन/सामान्य प्रशासन | १ |
| ५. | ना.सु. | रा.प.अनं.प्र. (प्र.) | नेपाल प्रशासन | प्रशासन/सामान्य प्रशासन | ३ |
| ६. | लेखापाल | रा.प.अनं.प्र. (प्र.) | नेपाल प्रशासन | प्रशासन/लेखा | १ |
| ७. | सब.ईन्जिनियर/ ड्राफ्टम्यान | रा.प.अनं.प्र. (प्रा.) | नेपाल इन्जिनियरिङ्ग | ईन्जिनियरिङ्ग, सिभिल/इलेक्ट्रिकल/ मेकानिकल/ विल्डीङ्ग/आर्किटेकचरल (प्राविधिक) | २ |
| ८. | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र. (प्रा.) | विविध | | २ |
| ९. | हलुका सवारी चालक | श्रेणी विहिन | मेकानिकल/हलुका सवारी चालक | मेकानिकल/हलुका सवारी चालक | २ |
| १० | कार्यालय सहयोगी | श्रेणी बिहिन | | | २ |
| | | **जम्मा** | | | १९ |

**सप्तकोशी उच्चबाँध बहुउद्देश्यीय आयोजना तथा**

**सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजना**

बिराटनगर

कुल दरबन्दी – १०

आ.प्र.–१, सि.डि.ई.–१, शा.अ.–१, ना.सु.–१, ले.पा.–१,

ड्रा.म्या./सब ई.–१, ड्रा.–२ (करार–१), का.स.–२ (करार)

डिभिजन कार्यालय, जनकपुर

कुल दरबन्दी:-५

सि.डि.ई.–१, ई.–१, ना.सु.–१,
ड्रा.म्या./सब ई–१, क.अ.–१

डिभिजन कार्यालय, धरान

कुल दरबन्दी:-२

ना.सु.–१, क.अ.–१

सव-डिभिजन कार्यालय, कटारी

कुल दरबन्दी:-१

ई.–१

सव-डिभिजन कार्यालय, चतरा

कुल दरबन्दी:-१

ई.–१

## कार्य विवरण तथा कार्यबोझ

| क्र.स. | पद | संख्या | कार्यबोझ |
|---|---|---|---|
| १. | आयोजना प्रमुख (रा.प.प्र.प्रा.) | १ | आयोजनाको फिल्ड इन्भेष्टिगेसन तथा मूएच् तयार गर्न आवश्यक सम्पूर्ण व्यवस्थापन कार्य गर्ने । |
| २ | सि.डि.ई. (रा.प.द्वि.प्रा.) | २ | आयोजना प्रमुखलाई सम्भाव्यता अधययन कार्य सम्पन्न गर्न व्यवस्थापन कार्यमा सहयोग गर्ने । |
| | | | आयोजना प्रमुखलाई अध्ययन कार्यमा आइपर्ने आवश्यक प्राविधिक सल्लाह प्रदान गर्ने । |
| | | | टोपोग्राफिकल सर्वेक्षण, जियोलोजिकल अन्वेषण, साइस्मोलोजी अध्ययन, हाइड्रोलोजी अध्ययन, सेडिमेन्टेशन अध्ययन, बाढी नियन्त्रण अध्ययन, विद्युत अध्ययन, सिंचाई सम्बन्धी अध्ययन, जलमार्ग अध्ययन, वातावरणीय प्रभाव मूल्यांकन इत्यादि गर्न गराउन आवश्यक व्यवस्थापन गर्ने एवं समन्वय गर्ने । |
| ३. | इन्जिनियर (रा.प.तृ.) | ३ | माथि सि.डि.ई./सि.डि.ई. जियोलोजिष्टलाई उल्लेखित कार्यहरुमा आवश्यक सहयोग गर्ने । |
| ४. | शा.अ. (रा.प.तृ.) | १ | प्रशासनिक कार्यहरु गर्ने । |
| ५. | ना.सु. (रा.प.अन.प्र.) | ३ | प्रशासनिक तथा स्टोरको कार्यहरु गर्ने । |
| ६. | ले.पा. (रा.प.अन.प्र.) | १ | लेखासम्बन्धी कार्य गर्ने । |
| ७. | सब ई./ड्रा.म्या.(रा.प.अन.प्र.प्रा.) | २ | ईन्जिनियरिङ्ग तथा ड्राप्टिङ सम्बन्धी कार्यहरु गर्ने । |
| ८. | क.अ. (रा.प.अन.वि.) | २ | प्रशासनिक कार्य एवं कम्प्यूटरसम्बन्धी कार्य । |
| ९ | मेकानिकल/हलुका सवारी चालक श्रेणीविहिन समेत | २ | आयोजना प्रमुख –(नेपाली एवं भारतीय पक्ष) हरुको सवारी साधनहरु चलाउने । |

**(घ – ज) निकायवाट प्रदान गरिने सेवाः**

| सि.नं. | (घ) निकायवाट प्रदान गरिने सेवाः | (ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः | (च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः | (छ) निर्णय गर्ने प्रक्रिया र अधिकारीः आयोजना प्रमुख | (ज) निर्णयउपर उजुरी सुन्ने अधिकारीः आयोजना प्रमुख |
| --- | --- | --- | --- | --- | --- |
| १ | आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने | आयोजना कार्यालय<br><br>सम्वन्धित इन्जिनियर/सि.डि.ई/आयोजना प्रमुख | - | सहभागिता मुलक प्रकृया<br><br>आयोजना प्रमुख | आयोजना प्रमुख |
| २ | आयोजना प्रभावित क्षेत्रका स्थानीय युवाहरुको क्षमता अभिवृद्धि सम्वन्धी कृयाकलाप गर्ने । | आयोजना कार्यालय<br><br>सम्वन्धित इन्जिनियर/सि.डि.ई/आयोजना प्रमुख | - | सहभागिता मुलक प्रकृया<br><br>आयोजना प्रमुख | आयोजना प्रमुख |
| ३ | आयोजनासंग सम्वन्धित सरोकारवाला व्यक्ति/निकाय संग आवश्यक समन्वय, अन्तरकृया गरी आयोजना प्रभावितको समस्या, मागको लागि आवश्यक पहल गर्ने । | आयोजना कार्यालय<br><br>सम्वन्धित इन्जिनियर/सि.डि.ई/आयोजना प्रमुख | - | सहभागिता मुलक प्रकृया<br><br>आयोजना प्रमुख | आयोजना प्रमुख |

**(झ) सम्पादन गरेको कामको विवरणः**

**१. आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने**

यस शीर्षक अन्तर्गत हाल सम्म सम्पादन भएका अध्ययन कार्यहरुको अवस्था निम्न बमोजिम रहेका छन् ।

**१.१ स्थलगत सर्भेक्षण (Topographical Survey)**

१.१(क) <u>ठूलो स्केलको टोपोग्राफिकल नक्शाः</u>

- भूमिगत विद्युत सप्तकोशी उच्च बाँध बहुउद्देशीय आयोजनाको लागि प्रस्तावित बाँधस्थल, स्पिलवे, सिसौलीघाट ब्यारेजस्थल र गृह,  सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजनाको प्रस्तावित बाँधस्थलहरु (कुरुलेघाट, सोरुङ्गटार तथा डाइभर्सन बाँधस्थल); कमला आयोजनाको बाँधस्थल, स्पिलवे र विद्युत गृह तथा चिसापानी/उत्तरायणी ब्यारेजस्थलको फिल्ड सर्भेक्षण कार्य पूरा गरी Topographical नक्शा तयार भएको ।
- सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजनाको प्रस्तावित Diversion Tunnel को सर्भे कार्य सम्पन्न भएको ।
- सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजनाको प्रस्तावित विद्युत गृह क्षेत्रको फिल्ड सर्वेक्षण कार्य पुरा गरी Topographical नक्सा तयार भएको ।

१.१(ख) <u>सानो स्केलको टोपोग्राफिकल नक्शाः</u>

- सप्तकोशी, सुनकोशी, कमला, चिसापानी/उत्तरायणी तथा सिसौली ब्यारेजको जलाशय क्षेत्रहरुको फिल्ड सर्भेक्षण कार्य पुरा गरी टोपोग्राफिक नक्शा तयार भएको ।

## १.२ भौगर्भिक अध्ययन (Geological Investigation)

- सप्तकोशी उच्च बाँध बहुउद्देशीय आयोजनाको स्थलगत अन्वेषण कार्यहरु रोकारवालाहरुको विभिन्न माग, दबाब र विरोधका कारण विगत सन् २००७, मई देखि असुरक्षाको स्थिति उत्पन्न भई स्थलगत अन्वेषण कार्यले गति लिन नसकेको।
- सप्तकोशीको प्रस्तावित बाँधस्थलमा जम्मा ९३० मिटर (१० स्थानमा) ड्रिलिङ्ग गर्नुपर्नेमा सन् २२ जनवरी २०१५ सम्ममा १८०.५ मिटर मात्र ड्रिलिङ्ग कार्य सम्पन्न भएको । ७४९.५ मिटर ड्रिलिङ्ग कार्य बाँकी रहेको । बाँधस्थलको ड्रिलिङ कार्यको ठेक्का सम्झौता नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) सँग भएकोमा सन् २८ फेब्रुअरी २०१७ मा उक्त सम्झौता समाप्त भएको ।
- प्रस्तावित स्पिलवे क्षेत्रमा ड्रिलिङ्ग कार्यको लागि श्री अरिहन्त ड्रिलिङ प्रा.लि., भारत सँग सम्झौता भएको थियो। सो स्थानमा ३४८ मिटर (४ स्थान) ड्रिलिङ्ग गर्नुपर्नेमा जम्मा एक स्थानमा गरि ९४ मिटर मात्र ड्रिलिङ्ग कार्य सम्पन्न भएको । २५४ मिटर बाँकी रहेको ।
- प्रस्तावित भूमिगत विद्युत गृह क्षेत्रमा श्री अरिहन्त ड्रिलिङ प्रा.लि. ले १८७५ मिटर (८ स्थान) ड्रिलिङ्ग गर्नुपर्नेमा १२७ मि. मध्ये ९० मिटर मात्र ड्रिलिङ्ग कार्य सम्पन्न भएको। १८७५ मिटर बाँकी रहेको । अरिहन्त ड्रिलिङ्ग कम्पनीले तोकिएको समय भित्र कार्य सम्पन्न गर्न नसकेको कारण ठेक्का सम्झौता तोडिएको अवस्था रहेको छ ।
- प्रस्तावित सिसौली व्यारेजको ड्रिलिङ कार्यको लागि श्री जियोलोगिकल सर्भिसेस् प्रा.लि., भारत सँग सम्झौता भएको थियो। सो क्षेत्रको ५ स्थानमा जम्मा १५० मिटर ड्रिलिङ्ग कार्य गर्नुपर्नेमा सन् २६ फेब्रुअरी २०१५ सम्ममा १२ मिटर मात्र पुरा हुन सकेको । तत् पश्चात ठेक्का सम्झौता रद्ध भएको ।
- सुनकोशी क्षेत्रको ड्रिलिङ कार्यको लागि श्री जियोलोगिकल सर्भिसेस् प्रा.लि., भारत सँग सम्झौता भएको थियो। सुनकोशी स्टोरज कम डाइभर्सन आयोजनाको लागि प्रस्तावित कमला ड्याम कम्प्लेक्स क्षेत्रमा ४१५ मिटर (१२ स्थानमा) ड्रिलिङ्ग गर्नु पर्ने कार्य सन् १३ सेक्टेम्बर २०१५ मा पुरा भएको ।
- उत्तरायणी व्यारेज स्थलमा १०० मिटर (३ स्थान) ड्रिलिङ्ग गर्नुपर्ने कार्य सन् १६ मार्च २०१६ मा श्री जियोलोगिकल सर्भिसेस् प्रा.लि., पुरा भएको ।

## १.३ जलमापन तथा मौसम सम्वन्धी अध्ययन

- वेलसोत, वराहक्षेत्र, चतरा, कुरुलेमा मेटेरियोलोजिकल स्टेशन स्थापना गरी मेटियोरोलोजिकल तथ्याङ्कहरु संकलन भैरहेको। उल्लेखित स्टेसनहरुको नियमित मर्मत संभार नहुदा सम्पुर्ण तथ्याङ्कहरु संकलन गर्न नसकिएको अवस्था रहेको छ।

- सुनकोशीको कुरुले र सप्तकोशीको चतराघाटको Cableway मर्मत गरी जल प्रवाह र थिग्रेनी मापन कार्य भैरहेकोमा हाल कुरुलेमा मात्र जल प्रवाह मापन कार्य भैरहेको ।

## १.४ भूकम्पीय अध्ययनः

- बिभिन्न आठ स्थान (ढल्केवर, कुरुले, गाईघाट, रुम्जाटार, धनकुटा, झुम्का, तुम्लिङ्गटार र चतरा) मा साइस्मिक उपकरणहरु जडान गरी तथ्यांक संकलन गर्ने कार्य भईरहेकोमा हाल रुम्जाटारको उपकरणहरु हटाईएको, कुरुले, झुम्का र तुम्लिङ्गटारको उपकरणहरु पूर्णरुपमा सञ्चालनमा नरहेको। उल्लेखित स्टेसनहरुको नियमित मर्मत संभार नहुदा सम्पुर्ण तथ्याङ्कहरु संकलन गर्न नसकिएको अवस्था रहेको छ।

## १.५ निर्माण सामग्री अध्ययनः

- निर्माण सामग्री अध्ययन कार्य श्री Central Soil and Materials Research Centre(CSMRS) बाट सम्पन्न भएको।

## १.६ वातावरणीय प्रभाव मूल्याङ्कन

- वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अन्तर्गत नेपाली भूभागको RFP document मा Resettlement and Rehabilitation(R&R) सम्बन्धी अध्ययनलाई समावेश गरी परिमार्जन गरिएको र सोहीअनुसार संसोधित लागत अनुमान तयार भैरहेको ।

## १.७ जलविद्युत क्षमता सम्वन्धी अध्ययन(Power Potential and Power Evacuation Study)

- भारतको केन्द्रिय विद्युत प्राधिकरण (के.वि.प्रा) लाई प्रारम्भिक Power Potential तथा जडान क्षमता सम्वन्धि अध्ययनका लागि तथाङ्क उपलब्ध गराइएको ।

- नेपाल विद्युत प्राधिकरण र भारतको केन्द्रिय विद्युत प्राधिकरणबाट विद्युत प्रणाली अध्ययनका लागि प्रस्ताव प्राप्त भएको ।
- नेपाल विद्युत प्राधिकरण (नेविप्रा) बाट प्राप्त भएको विद्युत प्रणाली अध्ययनको प्रस्ताव राय प्रतिक्रियाका लागि भारतको केन्द्रीय विद्युत प्राधिकरण (नेविप्रा) मा पठाइएको ।
- १७–१८ फेब्रुवरी २०१६ विराटनगरमा नेपाल विद्युत प्राधिकरण, केन्द्रीय विद्युत प्राधिकरण भारत, विद्युत विकास विभाग र यस आयोजनका प्रतिनिधि बीच सम्पन्न भएको बैठकबाट जल विद्युत सम्बन्धी अध्ययनको क्षेत्राधिकार (Scope of work) मा सहमति भएको ।

- नेपाल विद्युत प्राधिकरण (नेविप्रा) बाट प्राप्त भएको विद्युत प्रणाली अध्ययनको आर्थिक प्रस्ताव राय प्रतिक्रियाका लागि भारतीय पक्षलाई पठाइएको ।

### १.८ बाढी नियन्त्रण अध्ययन

- जल उत्पन्न प्रकोप नियन्त्रण विभागबाट आर्थिक प्रस्ताव १५ अप्रिल २०१५ मा प्राप्त भएको।
- जल ब्यबस्थापन महाशाखा, जलश्रोत तथा सिंचाई विभाग सँग MOU मा छलफल भई रहेको ।

### १.९ कम्युनिकेशन सम्वन्धी अध्ययन

- कम्युनिकेशन सम्वन्धी अध्ययन कार्य WAPCOS Limited,India बाट सम्पन्न भएको ।

### १.१० सिंचाई सम्वन्धी अध्ययन

- नेपाली भू–भागमा रहेको सिंचित क्षेत्रको अध्ययन कार्य सम्पन्न भइ Draft Final Report प्राप्त भएको ।
- उक्त Draft Final Report राय प्रतिक्रियाको लागि विद्युत बिकाश बिभाग मार्फत सिंचाई बिभागमा पठाईएकोमा ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालयको आधिकारिक प्रतिक्रिया सन् १८ जुलाई २०१९ मा प्राप्त भएको ।
- सप्तकोशी उच्च बाँध वहुउद्देशीय आयोजना र सुनकोशी स्टोरेज कम डाईभर्सन आयोजना मार्फत नेपाल तर्फको सिंचाई हुने क्षेत्रको विवरण सारांशमा यहाँ प्रस्तुत गरिएको छ ।

**Gross Command Area under Eastern & Western Canal System of SKHDMP & SSCDS**

| Option / Project | Eastern Canal | GCA (ha) | Western Canal | GCA (ha) | Total (E+W) GCA (ha) | Unirrigated area above canal alignment (ha) | Total GCA (ha) |
|---|---|---|---|---|---|---|---|
| Sapta Kosi High Dam Multipurpose Project | Sisauli Re regulating Dam to Mechi River | 256,859 | Sisauli regulating Dam to Bagmati River BP | 253,453 | 5,10,312 | 4574 | 5,14,886 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **19** | | | | |
| **Sun Kosi Storage cum Diversion Scheme** | **Uttarayani Barrage to Khando River** | **27,846** | **Uttarayani Barrage to Uriya River** | **303,486** | **3,31,332** | **32616** | **3,63,948** |
| | | | | **Total :** | **8,41,644** | **37190** | **8,78,834** |

**Summary of Canals Planned till MPR / SMPR**

| **Systems** | **Components** | **Location** | **Features** |
|---|---|---|---|
| SKHDMP | SKEMC | SaptaKosi to Mechi River | Length 103.913 km |
| | | | Total Dy/ Branches planned; 51.no |
| | | | Length of the distribution system 336.9654 km |
| | SKWMC | SaptaKosi to Bagmati River near Gaur | Length 153.633 km |
| | | | Total Dy/ Branches planned; 42.no |
| | | | Length of the distribution system 268.02 km |
| SSDS | SKKEMC | Kamala to Khando | Length 74.134km |
| | | | Total Dy/ Branches planned; 26no |
| | | | Length of the distribution system : 76.517 |
| | SKKWMC | Kamala to Uriya | Length 157.488km |
| | | | Total Dy/ Branches planned; 52 nos |
| | | | Length of the distribution system : 323.144km |

## १.११ जलपरिवहन मार्ग सम्वन्धी अध्ययन

जलपरिवहन मार्ग अध्ययन कार्य पुरा भई अन्तिम प्रतिवेदन प्राप्त भइसकेको। प्रतिवेदनमा चतरा देखी गंगा सम्म अन्तरदेशिय जलपरिवहनको लागी तिन वटा बैकल्पिक जलमार्गहरुको अध्ययन गरिएको छ ,

**बिकल्प १**: जलपरिवहन सप्तकोशी नदी मार्फत:

हुमाननगर देखी गंगाको संगमस्थल कुर्सेला सम्म र गंगा जलमार्गद्धारा हल्दिया सम्म।


**बिकल्प २**: जलपरिवहन बर्तमान नहर मार्फत:

कोशी ब्यारेज स्थित कोशी पूर्वी नहर(EKMC) गंगाको संगमस्थल कुर्सेला सम्म र गंगा जलमार्गद्धारा हल्दिया सम्म।

**बिकल्प ३**: जलपरिवहन नयाँ नहर मार्फत:

चतरा देखी गंगासँगको संगमस्थल कुर्सेला सम्म र गंगा जलमार्गद्धारा हल्दिया सम्म।

नेपाली भू–भागमा सिंचाई सम्बन्धी मार्गचित्र




## २. आयोजना प्रभावित क्षेत्रका स्थानीय युवाहरुको क्षमता अभिवृद्धि सम्वन्धी कृयाकलाप गर्ने

| कार्यक्रम | आ.व. | तालिमको प्रकार | सहभागिको संख्या | कैफियत |
|---|---|---|---|---|
| क्षमता अभिबृद्दि तालिम | २०७४/७५ | ईलेक्ट्रिसियन १६० घण्टाको आवशीय तालिम | २० | |
| | २०७५/७६ | ईलेक्ट्रिसियन १६० घण्टाको आवशीय तालिम<br>प्लम्विङ १६० घण्टाको आवशीय तालिम<br>वेल्डिङ १६० घण्टाको आवशीय तालिम<br>मेसन १६० घण्टाको आवशीय तालिम | ६०<br>४० =१३५<br>२०<br>१५ | |
| | २०७६/७७ | ईलेक्ट्रिसियन ३९० घण्टाको तालिम<br>प्लम्विङ ३९० घण्टाको तालिम<br>वेल्डिङ ३९० घण्टाको तालिम<br>कम्प्युटर २२० घण्टाको तालिम | ४०<br>४०=१५०<br>४०<br>३० | कोभिड-१९ को प्रकोपको कारण तालिमहरु बिचमा नै |

| | | | | |
|---|---|---|---|---|
| | | | | स्थगित गर्नुपरेको। |
| | २०७७/७८ | ईलेक्ट्रिसियन ३९० घण्टाको तालिम<br>प्लम्बिङ ३९० घण्टाको तालिम<br>ईलेक्ट्रिसियन १६० घण्टाको तालिम<br>प्लम्बिङ १६० घण्टाको तालिम | ३६<br>३६=९४<br>१४<br>८ | |

**३. आयोजनासंग सम्वन्धित सरोकारवाला व्यक्ति/निकाय संग आवश्यक समन्वय, अन्तरकृया गरी आयोजना प्रभावितको समस्या, मागको लागि आवश्यक पहल गर्ने**

- २०६४ माघ २३ गते (6th Feburary,2008) मा धनकुटाको सिम्लेमा अन्तरक्रिया कार्यक्रम
- २०६४ माघ २४ गते (7th Feburary,2008) मा धनकुटाको मुलघाटमा अन्तरक्रिया कार्यक्रम
- २०६४ फल्गुन १५ गते (27th Feburary,2008) मा धनकुटाको सिम्लेमा अन्तरक्रिया कार्यक्रम
- २०६४ फल्गुन १६ गते (28th Feburary,2008) मा सुनसरीको बराहक्षेत्रमा अन्तरक्रिया कार्यक्रम
- २०६५ वैशाख २८ गते भोजपुर र धनकुटाको सिमा अरूण नदीको दायाँ किनारामा अवस्थित लेगुवा घाटमा अन्तरक्रिया कार्यक्रम
- २०६५ फल्गुन १५ गते मा धनकुटाको सिम्लेमा अन्तरक्रिया कार्यक्रम
- २०६९ असोज १८ गते मोरङ व्यापार संघको सभाकक्ष, विराटनगर मा अध्ययन कार्य सुचारू गर्ने सम्बन्धमा स्थानीय सरोकारवालाहरूसँगको अन्तक्रिया कार्यक्रम
- २०६९ पौष २२ गते बराहक्षेत्रमा-०१,चतरामा अध्ययन कार्य सुचारू गर्ने सम्बन्धमा स्थानीय सरोकारवालाहरूसँगको अन्तक्रिया कार्यक्रम
- २०६९ फाल्गुन०४ गते ऊर्जा मन्त्रालयको सिंहदरबारमा श्रीमान ऊर्जा मन्त्रालयको आथित्यमा आयोजनाको स्थलगत अध्ययनका क्रममा देखिएका विधमान समस्या तथा सोको सामाधान सम्बन्धी छलफल कार्यक्रम
- मिति २०७२ जेठ ७ गते उच्च मा.वि. बन्दीपुर सिरहामा स्थानीय जनसमुदाय तथा सरोकारबालाहरू सँग एक दिवसिय अन्तक्रिया कार्यक्रम
- मिति २०७२ अषाढ १० गते कटारी नगरपालीकाको सभाहलमा स्थानीय जनसमुदाय तथा सरोकारबालाहरू सँग एक दिवसिय अन्तक्रिया कार्यक्रम
- मिति २०७२ अषाढ १० गते कटारी नगरपालीकाको सभाहलमा स्थानीय जनसमुदाय तथा सरोकारबालाहरू सँग एक दिवसिय अन्तक्रिया कार्यक्रम
- मिति २०७२ अषाढ २९ गते उदयपुर जिल्लाको रामपुर ठोकसिलामा स्थानीय जनसमुदाय तथा सरोकारबालाहरू सँग एक दिवसिय अन्तक्रिया कार्यक्रम

- मिति २०७३ जेठ ६ गते उदयपुर जिल्लाको  जिल्ला विकास समितिको कार्यलयमा स्थानीय जनसमुदाय तथा सरोकारबालाहरू सँग एक दिवसिय अन्तक्रिया कार्यक्रम
- मिति २०७३ अषाढ २७ गते उदयपुर जिल्लाको सुन्दरपुर गाविसको सभाहलमा स्थानीय जनसमुदाय तथा सरोकारबालाहरू सँग एक दिवसिय अन्तक्रिया कार्यक्रम
- २०७३ पौष २१  (23rd December 2016) विराटनगरमा JPO बाट अन्तक्रिया कार्यक्रम
- 5th December 2017 धरानमा JPO बाट अन्तक्रिया कार्यक्रम
- आ.व. २०७४/७५ मा Community Perception Survey  र २०७५/७६  मा Public Opinion Survey कार्यक्रम सम्पन्न गरेको ।

| आ.व. २०७४/७५  मा उदयपुर र सुनसरी जिल्लाको आयोजनाबाट प्रभावित क्षेत्रमा Community Perception Survey कार्य निम्न स्थानमा सम्पन्न गरेको। | | | |
|---|---|---|---|
| सि.न. | जिल्ला | आयोजना प्रभावित क्षेत्र | सहभागी संख्या |
| १. | उदयपुर | मैनामैनी | ५३ |
| २. | उदयपुर | बसहा | ६२ |
| ३. | उदयपुर | भागलपुर | ६६ |
| ४. | उदयपुर | बेल्टार | ९३ |
| ५. | सुनसरी | मधुबन | ४४ |
| ६. | सुनसरी | भरौल | ४१ |
| ७. | सुनसरी | चतरा | ४६ |
| आ.व. २०७५/७६  मा उदयपुर, धनकुटा  र सुनसरी जिल्लाको आयोजनाबाट प्रभावित क्षेत्रहरुमा Public Opinion  Survey कार्य निम्न स्थानमा सम्पन्न गरेको। | | | |
| १. | धनकुटा | सहिदभूमी गा.पा.को साम्ब्रिङ | ८६ |
| २. | धनकुटा | सहिदभूमी गा.पा.को धनगरू | १५० |
| ३. | धनकुटा | सहिदभूमी गा.पा.को आखुवाटार | ११० |

| | | | |
|---|---|---|---|
| ४. | भोजपुर | आमचोक गा.पा.को किनवा | ५३ |
| ५. | भोजपुर | आमचोक गा.पा.को दुम्माना | १०० |
| ६. | उदयपुर | चौदण्डीगढी न.पा.को रानीटार | १०२ |
| ७. | उदयपुर | चौदण्डीगढी न.पा.को सिद्धिपुर | ५१ |

**(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पदः**

१. सुचना अधिकारी

नाम: सहदेव थापा

पद: सिनियर डिभिजनल ईञ्जिनियर

मो.नं.: ९८५२०८१०१४

२. आयोजना प्रमुख

नाम: प्रदिप कुमार साह

पद: आयोजना प्रमुख

मो.नं.: ९८५२०३२२५०

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

ऐनहरु:

१. विद्युत ऐन, २०४९
२. जलस्रोत ऐन, २०४९
३. सार्वजनिक खरीद ऐन, २०६३
४. निजामति सेवा ऐन, २०४९
५. सूचनाको हक सम्बन्धी ऐन, २०६४
६. वातावरण संरक्षण ऐन, २०७६
७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
८. सुशासन ऐन, २०६४
९. आर्थिक कार्यविधि ऐन, २०५५
१०. श्रम ऐन, २०७४

नियमावलीहरु:

१. विद्युत नियमावली, २०५०
२. जलस्रोत नियमावली, २०४९
३. सार्वजनिक खरीद नियमावली, २०६३
४. निजामति नियमावली, २०५०
५. सूचनाको हक सम्बन्धी नियमावली, २०६५

६. वातावरण संरक्षण नियमावली, २०७७
७. आर्थिक कार्यविधि नियमावली, २०६४
८. सुशासन नियमावली, २०६५
९. श्रम नियमावली, २०७५

निर्देशिका/कार्यविधिहरु:

१. आयोजनाको प्रारम्भिक प्रतिवेदन, २००१
२. विद्युत आयोजनाको लागि विदेशी विनिमय सुविधा सिफारिस सम्बन्धी निर्देशिका, २०७४
३. जलविद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५
४. जलविद्युत तथा प्रसारण आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धी कार्यविधि, २०७३

## (ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण (वार्षिक विवरण):

**वार्षिक प्रगति प्रतिवेदन २०७७/७८**

(रु लाखमा)

१ आ.व.:-७७/७८

२. बजेट उपशिर्षक नं.:- ३०८१०४३ (चालु खर्च), ३०८१०४४ (पूँजीगत खर्च)

३. मन्त्रालयः- ऊर्जा,जलस्रोत तथा सिचाँई मन्त्रालय

४. कार्यक्रम/आयोजनाको नामः सप्तकोशी उच्च बाँध बहुउद्देशीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजना

५. आयोजना/कार्यालय प्रमुखको नामः- प्रदिप कुमार साह

६. यस अवधिको बजेट (रु):-
(क) आन्तरिकः (१) नेपाल सरकारः- १७२
(२) संस्थाः ×
(३) जनसहभागिता - ×
(ख) वैदेशिक (१) ऋणः- ×
(२) अनुदानः- (सोझै भुक्तानी) ५००

७. यस अवधिको खर्च (रु.):- २५८.१९
(क) आन्तरिकः (१) नेपाल सरकारः- १३५.८९
(२) स्थानीय निकाय+संस्थाः
(३) जनसहभागिताः-
(ख) वैदेशिकः (१) ऋणः-
(२) अनुदानः- १२२.३०

८. चौमासिक/वार्षिक लक्ष्यको तुलनामा खर्च प्रतिशतः- ३९.५४
९. शुरुदेखि यस अवधिसम्मको कुल खर्च प्रतिशत (कुल लागतको तुलनामा):-
१०. बितेको समय प्रतिशतमा (कुल अवधिको तुलनामा):-

| क.स. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक खर्च | | | प्रतिवेदन अवधिसम्म | | आयोजनाको कुल | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट(रु) | खर्च | परिमाण | भारित | परिमाण | भारित प्रगति | सम्पन्न परिमाण | भारित प्रगति | |
| १ | २ | | ३ | ४ | ५ | ६ | | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| (अ) पूंजीगत खर्च अन्तर्गतका कार्यक्रमहरू : | | | | | | | | | | | | | | |
| १.० | फर्निचर तथा फिक्चर्स(कार्यालयको लागि फर्निचर फिक्चर्स) | ३११२२ | | | ०.१५ | १.०० | ०.९९६ | | ०.१५ | | | | | |
| २.० | मेशिनरी औजार | ३११२२ | | | ०.१९ | १.०० | ०.९९८ | | ०.१५ | | | | | |
| ३.० | पूंजीगत अनुसन्धान तथा परामर्श सेवा | ३११७२ | | | ७६.५७ | ५००.०० | १२३.३० | | २१.५० | | | | | |
| क) | पूंजीगत खर्च कार्यक्रमको जम्मा: | | | | ७६.८८ | ५०२.०० | १२४.३० | | २१.८१ | | | | | |
| ख) | चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | |
| १.० | तलब | २११११ | | | ८.२० | ५४.०० | ५२.५३ | | ८.०४ | | | | | |
| २.० | पोशाक | २११२१ | | | ०.१५ | १.०० | ०.९० | | ०.१४ | | | | | |
| ३.० | महंगी भत्ता | २११३२ | | | ०.३१ | २.०० | १.९८ | | ०.३० | | | | | |
| ३.० | कर्मचारी बैठक भत्ता | २११३४ | | | ०.१५ | १.०० | ०.४८ | | ०.०७ | | | | | |
| ४.०० | योगदानमा आधारित बिमा कोष | २१२१३ | | | ०.१५ | १.०० | ०.४६ | | ०.०७ | | | | | |
| ५.०० | पानी तथा बिजुली | २२१११ | | | ०.१५ | १.०० | ०.२४ | | ०.०४ | | | | | |
| ६.०० | संचार महसुल | २२११२ | | | ०.१५ | १.०० | ०.६० | | ०.०९ | | | | | |
| ७.० | इन्धन | २२२१२ | | | ०.६१ | ४.०० | ४.०० | | ०.६१ | | | | | |

२०७८/४/१

| क.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक खर्च | | | प्रतिवेदन अवधिसम्म | | आयोजनाको कुल | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | [illegible] | खर्च | परिमाण | भारित | परिमाण | भारित प्रगति | सम्पन्न परिमाण | भारित प्रगति | |
| १ | २ | | ३ | ४ | ५ | ६ | | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| ८.० | सवारी साधन मर्मत खर्च | २२२१३ | | | ०.६१ | ४.०० | ४.०० | | ०.६१ | | | | | |
| ९.० | बिमा तथा नवीकरण खर्च | २२२१४ | | | ०.१५ | १.०० | ०.८१ | | ०.१२ | | | | | |
| १०.० | मेसनरी तथा औजार मर्मत खर्च | २२२२१ | | | ०.१५ | १.०० | १.०० | | ०.१५ | | | | | |
| ११.० | इन्धन अन्य प्रयोजन | २२३१४ | | | ०.१५ | १.०० | १.०० | | ०.१५ | | | | | |
| १२.० | अन्य कार्यालय संचालन खर्च | २२३१९ | | | ०.९२ | ६.०० | ६.०० | | ०.९२ | | | | | |
| १३.० | सेवा तथा परामर्श | २२४११ | | | १.२३ | ८.०० | ०.९९ | | ०.१५ | | | | | |
| १४.० | करार सेवा शुल्क | २२४१३ | | | २.७६ | १८.०० | १८.०० | | २.७६ | | | | | |
| १५.० | कर्मचारी तालिम | २२५११ | | | ०.१५ | १.०० | ०.९८ | | ०.१५ | | | | | |
| १६.० | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्चहरु | २२५१२ | | | ४.१३ | २७.०० | २६.८० | | ४.१० | | | | | |
| १७.० | कार्यक्रम खर्च | २२५२२ | | | ०.७७ | ५.०० | | | | | | | | |
| १८.० | अनुगमन मूल्याङ्कन खर्च | २२६११ | | | ०.४६ | ३.०० | ३.०० | | ०.४६ | | | | | |
| १९.० | भ्रमण खर्च | २२६१२ | | | ०.६१ | ४.०० | ३.५५ | | ०.५४ | | | | | |
| २०.० | विविध खर्च | २२७११ | | | ०.४६ | ३.०० | २.९८ | | ०.४६ | | | | | |
| २१.० | घरभाडा | २८१४२ | | | ०.६१ | ४.०० | ३.६० | | ०.५५ | | | | | |
| (ख) | चालु खर्च कार्यक्रमको जम्मा | | | | २३.१२ | १५१.०० | १३३.९० | | २०.५० | | | | | |
| (ग) | कार्यक्रम खर्चको जम्मा (क + ख) | | | | १००.०० | ६५३.० | २५८.१९ | | ४२.३१ | | | | | |
| (घ) | उपभोग खर्च कार्यालय सहयोगी समेत | | | | ०.२९ | २.०० | ०.८४ | | ०.१२ | | | | | |
| (ङ) | कार्यालय संचालन खर्च | | | | ४.२४ | २९.०० | २७.२१ | | ३.९८ | | | | | |
| (च) | कुल जम्मा खर्च (ग + घ + ङ) | | | | १००.०० | ६८४.० | २८६.२४ | | ४१.८१ | | | | | |
| | | | | | | वार्षिक वित्तिय प्रगति(%) | | | ३९.५४ | | | | | |
| | | | | | | वार्षिक भौतिक प्रगति(%) | | | ४२.३१ | | | | | |

तयार गर्नेको दस्खत

१ [illegible]
२ वार्षिक [illegible] भर्नु पर्दैन
३ आर्थिक लक्ष्य , प्रगति गदा तो आ.व को प्रगति महल १२ र १३ भर्नु पर्दैन

२०७८।४।१

**(ङ) तोकिए बमोजिमका अन्य विवरण**

(सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम)

(ङ.१) अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

| सि.नं. | कार्यक्रम/आयोजना |
|---|---|
| १ | आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने |
| २ | आयोजना प्रभावित क्षेत्रका स्थानीय युवाहरुको क्षमता अभिवृद्धि सम्वन्धी कृयाकलाप |

(ङ.२) सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण:

**www.skhdmp.gov.np**

(ङ.३) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण

- आयोजनाको वेवसाइटमा सूचना राख्ने गरेको
- विद्युत विकास विभागको बार्षिक पुस्तिका प्रकाशनमा यस आयोजनाको बार्षिक क्रियाकलाप राख्ने गरेको।

(ङ.४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

सूचना माग निवेदन संख्या: ०

सूचना दिएको संख्या : ०